आज मिति २०७८।०६।३० गतेका दिन यस चौदण्डीगढी न०पा० नगर प्रमुख श्री खगेन्द्र राई ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको १०८ औं बैठक तपसिलको उपस्थितिमा बसियो।

तपसिल उपस्थिति

१. श्री खगेन्द्र राई - नगर प्रमुख
२. श्री रिता कुमारी चौधरी - नगर उप-प्रमुख
३. श्री ध्रुवराज आचार्य - प्रमुख प्रशासकीय अधिकृत
४. श्री रोहितमान तामाङ - अध्यक्ष वडा नं. १
५. श्री सन्तोष सुवेदी - ,, २
६. श्री परशुराम राई - ,, ३
७. श्री चरण कुमार राई - ,, ४
८. श्री देवनारायण चौधरी - ,, ५
९. श्री कमलध्वज राई - ,, ६
१०. श्री तेजराज लिम्सेना - ,, ७
११. श्री श्याम कुमार मगर - ,, ८
१२. श्री प्रकाश राउत - ,, ९
१३. श्री रामकुमार खड्का - ,, १०
१४. श्री देवि कार्की - न०का०स०
१५. श्री जानुका ~~कार्की~~ कुँवर - ,,
१६. श्री मदन कुमारी कार्की - ,,
१७. श्री विमला राई - ,,
१८. श्री असमिता नेपाली - ,,
१९. श्री प्रमिला दनुवार - ,,
२०. श्री सुन्दर प्रकाश साह - ,,

प्रस्तावहरू

१. पोषण स्वयंसेवक पुष्पराज खड्काको करार अवधि थप सम्बन्धमा।
२. नगरका विभिन्न वडाबाट सडक तथा बाटो मर्मतको लागि प्राप्त निवेदन सम्बन्धमा।
३. लामाखोला ट्रष्ट ब्रिजको खर्च रकम भुक्तानी सम्बन्धमा।
४. गम्भीर प्रकृतिको कसुरको सम्बन्धमा प्राप्त परिपत्र सम्बन्धमा।
५. लामाखोला खानेपानी सिंचाई योजनाको भुक्तानी सम्बन्धमा।
६. आर्थिक सहयोग/राहत सम्बन्धमा।

७. खालिखेल / सुशान्त आदित्य / रेश्मी जैसिको माग सम्बन्धमा ।
८. प्रा० स्वा० के० बेल्टारको व्यवस्थापन समितिको बैठकको निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।
९. मौलो पुजाको लागि आर्थिक सहयोग सम्बन्धमा ।
१०. नेपाल टिक्को महान चाडपर्वको शुभकामना सम्बन्धमा ।
११. प्रा० स्वा० के० मा इमरजेन्सी कक्ष निर्माण सम्बन्धमा ।
१२. दुर्गा मन्दिर व्यवस्थापन समिति वडा नं. ८को माग सम्बन्धमा ।

## छलफल तथा निर्णयहरु

नि.नं.१ प्रस्ताव नं.१ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १०० मिति २०७८।६।२८ गतेको परिपत्र अनुसार यस न.पा.मा संचालित बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत कार्यरत पोषण स्वयंसेवक पुष्पराज खड्कालाई मिति २०७८।४।१ गते देखी लागू हुने गरी करार थप गर्ने निर्णय गरियो। साथै निजलाई उक्त कार्यक्रम बाट प्राप्त हुने मासिक निर्वाह भत्ता रु.१२०००।- मा यस न.पा.को करार सेवा शुल्क तर्फको रकमबाट खर्च हुने गरी मासिक २०% थप गरी उपलब्ध गराउने निर्णय गरियो।

नि.नं.२ प्रस्ताव नं.२ माथि छलफल गर्दा यस न.पा.को विभिन्न वडाको माग निवेदन तथा सिफारिस अनुसार वर्षातको समयमा विभिन्न सडकहरु खाल्डो पर्ने, भत्किने लगायतको कारण आवतजावतमा कठिनाई भएकोले मर्मत गर्नु पर्ने भएको हुँदा प्राप्त निवेदन अनुसार नम्सी बाट प्राविधिक समितिको टोलीबाट अनुगमन गरी प्राथमिकताको आधारमा मर्मत सम्भार तथा व्यवस्थापन गर्दै जाने र उक्त सडक मर्मत बापतको रकम यस न.पा.को विपद् व्यवस्थापन, मर्मत तथा भेपरी शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

प्राथमिकता

१. टेलाम्पोरी टोल कोकन प्रा.वि. देखी खेरा टोल जाने बाटो मर्मत वडा नं. ५
२. च्यौधरी टोल विजय सरिया देखी गंगा वा० कार्कीको घर सम्मको बाटो मर्मत वडा नं. ५

३. पुरानो मुलबाटो गंगा बा.कार्कीको घरदेखी वडाहाथान चौधरी थोल जाने बाटो मर्मत - वडा नं. ४
४. मगर डाँडा दलित टोलमा बाँध निर्माण वडा नं. ४
५. अजगरा खानेपानी योजना वडा नं. ९
६. ~~ग्रामखोलेको मा~~ झोरापाटा देखी देवियान डाँडा हुँदै माझिबास जाने बाटो मर्मत वडा नं. ६ र डाइखबजार बाट माझिबास जाने बाटो वडा नं. ६
७. बेल्या, सिद्धिपुर, बाँसखोला सडक मर्मत वडा नं. ६, ८ र १
८. सुधाचरी, हरिनगर, गढी चारघोडा कुहदरे, कोप्चे वडा नं. १
९. पुरानो हात्तिबाङ प्रधानटोल - वडा नं. २

नि. नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस न.पा.को वडा नं. २ र ४ को सिमानामा पर्ने लामाखोलामा पुल नभएको कारण ~~बेलुका रोगिका~~ औषधी उपचार लगाएतका अत्यावश्यक कामका समेत खोलाको कारण बाधा भई समग्र रुपमा उक्त स्थानमा ~~ब~~एम्बुलेन्स लगाएतका अत्यावश्यक सवारी साधन संचालनको लागी पुल निर्माण गर्न आवश्यक भएको र सोको लागि नगर सभाबाट रु.१४,००,०००।- बजेट विनियोजन भएकोमा उक्त स्थानमा पुल निर्माण गर्ने क्रममा पुलको बेस बालियो बनाउनु पर्ने लगाएतको कारण लागत स्टीमेट बढन गई विनियोजित रकम भन्दा बढी रकम खर्च भएकोले सो को प्राविधिक मुल्याङ्कन अनुसारको थप रकम रु. ३,२५,०००।- यस न.पा.को विपद् व्यवस्थापन, भैपरी तथा मर्मत सम्भार शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

नि. नं. ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा "गम्भीर प्रकृतिका कसुरमा सहमति भएको" सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च. नं. ८९ मिति २०७८।६।२९ गतेको पत्र साथ ~~मार्फत~~ प्राप्त महान्यायाधिवक्ताको कार्यालय द्वारा जारी परिपत्र कार्यान्वय गर्न निर्णय ~~अनु~~ गरियो।

नि. नं. ५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस न.पा.को वडा नं. ४ स्थित लामाखोला वरपानी सिंचाई योजनाको निर्माण कार्य सम्पन्न भई भुक्तानी माग भई आएको हुँदा प्राविधिक मुल्याङ्कन प्रतिवेदन अनुसार रु. ६५,०००।- यस न.पा.को विपद् व्यवस्थापन, भैपरी तथा मर्मत संभार शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

Mawh

नि.नं.६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस न.पा.को विभिन्न वडाबाट विभिन्न प्रकारको विपद जन्य घटनाको राहत माग भई आएको हुँदा तपसिल अनुसार राहत उपलब्ध गराउने निर्णय गरियो।

तपसिल

१. मिता कुमारी चौधरी - हातिको क्षति - २०००।-
२. शुशिल चौधरी - ,, - २०००।-

नि.नं.७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस न.पा.को वडा नं. ६ बेल्टारमा निर्माणाधिन उदयपुर कोभिड-१९ अस्पताल भवनको निर्माण कम्पनी घुलिखेल / सुराज आदित्य / रेग्मी जे.भी. र यस न.पा.को सम्झौता अनुसार उक्त भवन मिति २०७७। कार्तिक १४ गते भित्र निर्माण सम्पन्न गर्ने सम्झौता भएकोमा अभिरल वर्षाको कारण काममा अवरोध भएको साथै दशैं तिहार लगायतको ~~चाड~~ पर्वको कारण समेत काम उक्त मितिमा सम्पन्न गर्न नसकिने भएकोले म्याद थपको लागि निर्माण कम्पनीले दिएको निवेदन मुनासिब देखिएकोले उक्त निर्माण कम्पनीको माग निवेदन अनुसार मिति २०७७ पौष १५ गते सम्मको लागि उक्त भवनको निर्माण अवधि म्याद थप गर्ने निर्णय गरियो।

नि.नं.८ प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस न.पा.को वडा नं. ६ बस्ने भिम बहादुर राईको छोरा वुद्धहाङ्ग राईको मिति २०७७/६/१३ गते प्रा. स्वा. केन्द्र बेल्टारमा उपचारको क्रममा मृत्यु भएको भनी मृतकका परिवारबाट क्षतिपूर्तिको माग भएको सम्बन्धमा स्वास्थ्य व्यवस्थापन समिति, जनप्रतिनिधि, स्वास्थ्य शाखा, राजनैतिक दल, सुरक्षा निकाय, नागरिक समाज, बुद्धिजिवी, मृतकका आफन्त समेतको छानविन समितिको प्रतिवेदन सहित प्रा.स्वा.केन्द्र बेल्टारको च.नं. ४३ मिति २०७७/६/२६ गतेको पत्र अनुसार मृतक बुद्धहाङ्ग राई को बुवाको मृत्यु भई सकेको घरको आर्थिक अवस्था निर्जोले व्यहोरी रहेको र परिवारका अन्य सदस्यहरु पनि कुनै आय आर्जनमा संलग्न नभएको र आमा समेत विरामी भएकोले प्रा.स्वा.केन्द्र व्यवस्थापन समितिको अनुरोध निर्णय समेतको आधारमा मृतकको ~~भाई~~ घर परिवारलाई राहत स्वरुप

Mani

मृतकको भाई सन्त राज राई लाई ध्यस न.पा.को सहायक कम्प्युटर अपरेटर पदमा रहेर कामकाज गर्ने गरी मिति २०७७/०७/०१ गते बाट लागूहुने गरी हाल लाई ६ महिनाको लागी करार सेवामा नियुक्ति गर्ने निर्णय गरियो। साथै निजलाई ध्यस न.पा.मा समान तहमा कार्यरत कर्मचारीलाई उपलब्ध गराए बराबरको मासिक सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो।

निं.नं.९ प्रस्ताव नं. ९ माथि छलफल गर्दा नेपालीहरुको महान चाडै विजया दशमीको अवसरमा सुरक्षा निकायहरुले नियमित रुपमा मौलो पुजा गर्ने गरेको हुँदा मौलो पुजाको लागि तपसिलका निकायहरुलाई ध्यस न.पा.को धर्म,संस्कार संस्कृति प्रवर्द्धन शीर्षकबाट तपसिल अनुसारको रकम उपलब्ध गराउने निर्णय गरियो।

तपसिल

१. ईलाका प्रहरी कार्यालय बेल्टार रु.२५,०००/-
२. कारागार कार्यालय, उदयपुर रु. १५,०००/-(रबिन राई)
३. सशस्त्र प्रहरी बेश क्याम्प, बेल्टार रु.२५,०००/-
४. नेपाली सेना अस्थायी टोली, बेल्टार रु.
५. प्रहरी चौकी सुन्दरपुर —— रु.१५,०००/-
६. प्रहरी चौकी हाडिया —— रु.१५,०००/-
७. प्रहरी चौकी बसाहा —— रु.१५,०००/-

निं.नं.१० प्रस्ताव नं. १० माथि छलफल गर्दा नेपालीहरुको महान चाडै विजया दशमी, शुभ दिपावली, छठपर्व, नेपाल सम्वत, उधौली, माघी, उभौली लगाएतका सम्पूर्ण चाडपर्वहरुको अवसरमा नगरवासी तथा सम्पूर्ण नेपालीहरुको सु-स्वास्थ्य एवं सुख शान्ति समृद्धि र प्रगतिको लागि हार्दिक मंगलमय शुभ कामना व्यक्त गर्ने निर्णय गरियो। साथै विजयादशमि दिपावली लगाएतका पर्वहरु हालको कोभिड-१९ को महामारी लाई मध्येनजर गर्दै आ-आफ्नै घरमा बसेर भिडभाड नगरी अत्यन्त सभ्य र सरसफाईका साथ मनाउन सम्पूर्ण नगरवासीहरुलाई अनुरोध गर्ने निर्णय गरियो।

नि.नं.११ प्रस्ताव नं.११ माथि छलफल गर्दा नेपाल सरकार को निर्णय अनुसार हाल कोभिड-१९ को उपचारलाई लक्षित गरि अस्पताल संचालन गर्ने सम्बन्धमा यस न.पा. को अस्पताल उन्मुख प्राथमिक स्वास्थ्य केन्द्र बेल्टामा ५ बेडको अस्पताल संचालन गर्न र सोको लागी आवश्यक इमर्जेन्सी कक्ष संचालनको लागि प्रा० स्वा० के० बेल्टाको कम्पाउण्डमा भवन निर्माण गर्ने निर्णय गरियो। सोको लागि नगरपालिकाको चालु आ० व० को स्वीकृत बजेट तथा कार्यक्रमको उपयुक्त शीर्षकबाट आवश्यक रकम उपलब्ध गराउने निर्णय गरियो।

नि.नं.१२ प्रस्ताव नं.१२ माथि छलफल गर्दा यस न.पा. को वडा नं.८ मा संचालित दुर्गा मन्दिर व्यवस्थापन समितिको माग तथा ८ नं. वडा कार्यालयको च.नं.२२८ मिति २०७७/६/२९ गतेको सिफारिस अनुसार यस न.पा.को धर्म, संस्कार, संस्कृति प्रवर्द्धन शीर्षकबाट तपसिल अनुसारको रकम उपलब्ध गराउने निर्णय गरियो।

तपसिल

| | | |
|---|---|---|
| १. | दुर्गा मन्दिर रंगरोगन | रु.३०,०००/- |
| २. | पुजारी घर रंग रोगन | रु.२५,०००/- |
| ३. | पुजा खर्च | रु.१०,०००/- |
| | जम्मा | रु.६५,०००/- |